NRNA
Non-Resident Nepali Association

# गैरआवासीय नेपाली संघको

वार्षिक साधारण सभा, २०२४ को

काम कारवाहीको विवरण (माईन्यूट)

मिति २०८१/०७/१२ (सन् २०२४ अक्टोबर २८)

१. **वैधानिक साधारण सभाः**

गैरआवासीय नेपाली संघ ("संघ") को सन् २०२४ सेप्टेम्बर ८ (मिति २०८१/०५/२३) मा सम्पन्न भएको ९९ औं अन्तर्राष्ट्रिय समन्वय परिषद् (सन् २०२३-२०२५ कार्यकाल) को बैठकको निर्णयानुसार गैरआवासीय नेपाली संघको विधान २००३ (२०२२ को संशोधन सहित) ("विधान") को दफा १४ अनुसार संघको वार्षिक साधारण सभा, २०२४ ("साधारण सभा") निम्न लिखित मिति, समय र स्थान (अनलाईनबाट समेत) मा बसी देहाय बमोजिमको काम कारबाही सुसम्पन्न भयो ।

२. **साधारण सभा बसेको मिति, समय, स्थानः**

मितिः २०८१ साल कार्तिक महिना १२ गते (तदनुसार सन् २०२४ अक्टोबर २८) सोमवार ।

समयः नेपाल समय अनुसार अपरान्ह ४:०० बजे । (नोटः *वार्षिक साधारण सभा अपरान्ह २:०० बजे लाई तय भएता पनि एनआरएन ग्लोबल कन्क्लेभ २०२४ को कार्यक्रम समाप्त हुन केही थप समय लागेको हुँदा वार्षिक साधारण सभा निर्धारित समय भन्दा दूई घण्टा ढिला अपरान्ह ४:०० बजे प्रारम्भ भएको*)

स्थानः तहाचाल, काठमाण्डौ स्थित होटल "द सोल्टी काठमाण्डौ" *(नोटः साधारण सभा स्थलमा उपस्थित हुन नसक्ने साधारण सभाका प्रतिनिधिहरुलाई अनलाईन मार्फत प्रत्यक्ष सुन्न, देख्न र मतदानको व्यवस्था गरिएको थियो ।)*

३. **साधारण सभाको सूचनाः**

विधानको दफा १४ मा *"संघको साधारण सभा प्रत्येक वर्ष गरिनेछ । ........... साधारण सभाको सूचना र छलफलका विषयहरु कम्तिमा १ (एक) महिना अगाडि सार्वजनिक गर्नु पर्नेछ..."* भन्ने कानूनी व्यवस्था रहेको हुँदा उक्त व्यवस्था अनुसारनै साधारण सभाको सूचना र छलफलका विषयहरु सन् २०२४ सेप्टेम्बर १७ (मिति २०८१/०६/०१) मा संघ आधिकारिक वेभसाईट https://www.nrna.org/ र आधिकारिक फेसबुक पेजमा प्रकाशित गरि सार्वजनिक गरिएको थियो । गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय महाधिवेशन तथा साधारण सभा सञ्चालन सम्बन्धी नियमावली, २०२२ को नियम ३(२) ले तोके अनुसार साधारण सभाका प्रस्तावहरुको दस्तावेज साधारण सभाका प्रतिनिधिहरुलाई सहज प्राप्त हुने व्यवस्था गरिएको थियो ।

Non-Resident Nepali Association NRNA Kathmandu, Nepal

४. <u>अनलाईनबाट सुन्न, देख्न र मतदान गर्ने सुनिश्चिताः</u>

भौतिक रुपमै साधारण सभामा सहभागि हुन नसक्ने साधारण सभाका प्रतिनिधिहरुलाई साधारण सभाका प्रतिनिधिहरुलाई साधारण सभामा सहभागि हुन डिजिटल सफ्टवेयर (जुम) मार्फत अनलाईन सहभागि हुन सक्ने व्यवस्था गरी डिजिटल सफ्टवेयर (जुम) को Meeting ID र पासवर्ड व्यवस्था गरी सोको जानकारी ईमेल मार्फत साधारण सभाका प्रतिनिधिहरुलाई जानकारी दिईएको थियो । उक्त प्रविधिबाट समेत प्रतिनिधिहरुलाई साधारण सभामा भाग लिने (सुन्न र देख्न सक्ने समेत) व्यवस्था गरिएको थियो ।

५. <u>साधारण सभामा छलफल तथा निर्णयका लागि निर्धारित विषयसूचीः</u>

(क) सन् २०२३-२०२५ को अन्तराष्ट्रिय समन्वय परिषद्को वार्षिक क्रियाकलाप सहितको महासचिवको सांगठनिक (वार्षिक) प्रगति प्रतिवेदन बारे ।

(ख) २०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०८०/०८१ को आय-व्ययको विवरण, सम्पत्ति-दायित्वको विवरण, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको कोषाध्यक्षको आर्थिक प्रतिवेदन बारे ।

(ग) आर्थिक वर्ष २०८१/०८२ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।

(घ) विभिन्न विभागहरुको प्रतिवेदन अनुमोदन गर्ने बारे ।

(ङ) विभिन्न समितिहरुको प्रतिवेदन अनुमोदन गर्ने बारे ।

(च) राष्ट्रिय समन्वय परिषद्का प्रतिवेदनहरुलाई अनुमोदन गर्ने बारे ।

(छ) गैरआवासीय नेपाली संघको विधान २००३ (२०२२ को संशोधन समेत) को दफा १४ को उपदफा १४.८ अनुसार समितिहरु बारे ।

(ज) विविध ।

६. <u>साधारण सभाको अध्यक्षता र सञ्चालनः</u>

साधारण सभाको अध्यक्षता विधानको दफा १४ को प्रावधान अनुसार साधारण सभाको अध्यक्षता अन्तर्राष्ट्रिय समन्वय परिषद् (सन् २०२३-२०२५) का अध्यक्ष डा. बद्री के.सी.ज्यूले गर्नु भएको थियो । विधानको दफा १४ को प्रावधान अनुसार साधारण सभाको सञ्चालन अन्तर्राष्ट्रिय समन्वय परिषद्का महासचिव गौरीराज जोशीज्यूले गर्नु भएको थियो ।

७. <u>साधारण सभामा आसन ग्रहणः</u>

महासचिव गौरीराज जोशीज्यूले साधारण सभाको प्रारम्भमा क्रमवद्ध रुपमा संघका अध्यक्ष, अन्तर्राष्ट्रिय समन्वय परिषद्का वर्तमान पदाधिकारी तथा सदस्यहरु, संरक्षकहरु, सल्लाहाकारहरु, मानार्थ सदस्यहरु, राष्ट्रिय समन्वय परिषदका अध्यक्षहरु र प्रतिनिधीहरुलाई आसन ग्रहण गर्न अनुरोध गरी आसन ग्रहण गराउनु भएको थियो । साथै, साधारण सभाका प्रतिनिधिहरुलाई समेत जहाँ रहनु भएको छ सोही स्थानमा आसन गरी साधारण सभामा सहभागि हुनका लागि अनरोध गर्नु भएको थियो ।

Non-Resident Nepali Association NRNA Kathmandu, Nepal

८. <u>साधारण सभाको सञ्चालनः</u>

विधानको दफा १४ मा *".... साधारण सभामा उपस्थित जनाउने संख्यालाई गणपूरक संख्या मानिनेछ...."* भन्ने कानूनी व्यवस्था एवं साधारण सभाका प्रतिनिधिहरु साधारण सभामा भौतिक र जुम प्रविधि दुवै बाट उपस्थित हुनु भएको हुँदा साधारण सभा सञ्चालनका लागि गणपूरक संख्या पुगेको जानकारी महासचिव गौरीराज जोशीले साधारण सभा समक्ष जानकारी दिनु भएको थियो । तद् पश्चात् साधारण सभाका अध्यक्ष डा. बद्री के.सी.ले साधारण सभाका लागि निर्धारित छलफलका विषयहरु उपर छलफल तथा निर्णय गर्न साधारण सभा सञ्चालन गर्न अनुरोध गर्नुभयो । तद् पश्चात् साधारण सभा सञ्चालन भयो ।

९. <u>साधारण सभाको निर्णयः</u>

(क) **सन् २०२३-२०२५ को अन्तराष्ट्रिय समन्वय परिषद्को वार्षिक क्रियाकलाप सहितको महासचिवको सांगठनिक (वार्षिक) प्रगति प्रतिवेदन बारेः** महासचिव गौरीराज जोशीले सन् २०२३-२०२५ को कार्यकालको अन्तराष्ट्रिय समन्वय परिषद्बाट भएका विविध वार्षिक गतिविधि सहितको सांगठनिक (वार्षिक) प्रगति प्रतिवेदन साधारण सभा समक्ष पेश गर्नु भएको थियो । सांगठनिक (वार्षिक) प्रगति प्रतिवेदनमा गैरआवासीय नेपाली नागरिकताको पूर्ण कार्यान्वयनका लागि पहल; परोपकारी (भूकम्प र बाढी पहिरो पीडितका लागि भएको सहयोग) कार्यहरु; पोडकास्टको सुरुवात; मोवाइल व्लड बस परियोजनामा भएका कार्यहरु; स्मार्ट सार्वजनिक शौचालय, चमेना गृह र बगैंचा निर्माण परियोजनामा भएका कार्यहरु; सेती प्रादेशिक अस्पताललाई अक्सिजन प्लान्ट परियोजनामा भएका कार्यहरु; नेपाल डेभलप्मेन्ट फण्ड लिमिटेडका लागि हाल सम्म भएका कार्य प्रगतिहरु; नेपाल पर्यटन प्रबर्द्धनका लागि गरिएका सहकार्यहरु; महिला, युवा तथा खेलकूत गतिविधिहरु; विदेशमा रहेका नेपालीहरुको मताधिकारको सुनिश्चित गर्न भएका पहलहरु; वैदिशक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउँन भएको पहलहरु; भूपु गोर्खाज् सम्बन्धी अधिकार प्रासिका सम्बन्धमा भएको सहयोगहरु; कर्मचारी बृत्तिविकास कार्यक्रमहरु; गैरआवासीय नेपाली दिवसमा भएका कार्यक्रमहरु; पिएनओ परिचयपत्रका लागि गरिएको मागदावीहरु; सामाजिक तथा परोपकारी कार्यहरु; संघका विभिन्न विभागहरु, समितिहरु र कार्यदलहरुका क्रियाकलाप एवं संघले हासिल गरेका विभिन्न उपलव्धिहरु लगायतका विषयहरु समेटिएका थिए । संघको सांगठनिक प्रगति प्रतिवेदन उपर साधारण सभामा यथेष्ट छलफल पश्चात् संघको उक्त सांगठनिक (वार्षिक) प्रगति प्रतिवेदन पारित गर्नका लागि गर्नका लागि निर्णयार्थ साधारण सभामा प्रस्तुत हुँदा **"अनुसूची - १"** मा संलग्न संघको सांगठनिक (वार्षिक) प्रगति प्रतिवेदन साधारण सभा प्रतिनिधिहरुबाट पारित भयो ।

(ख) **२०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०८०/०८१ को आय-व्ययको विवरण, सम्पत्ति-दायित्वको विवरण, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको कोषाध्यक्षको आर्थिक प्रतिवेदन बारेः** आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन एवं २०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०८०/०८१ को आय-व्ययको विवरण, सम्पत्ति-दायित्वको विवरण, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको आर्थिक प्रतिवेदन संघका सन् २०२३-२०२५ को कार्यकालका अन्तर्राष्ट्रिय समन्वय परिषद्का कोषाध्यक्ष सुदन कुमार थापाज्यूले साधारण सभाका प्रतिनिधिहरु समक्ष प्रस्तुति गर्नु भएको थियो । आर्थिक प्रतिवेदन उपरको छलफलमा साधारण सभाका प्रतिनिधिले सक्रियता

Non-Resident Nepali Association NRNA Kathmandu, Nepal

पूर्वक सहभागि भई विभिन्न प्रश्न, सुझाव तथा जिज्ञासा साधारण सभा समक्ष राखेका थिए । साधारण सभाका प्रतिनिधिको विभिन्न प्रश्न, सुझाव तथा जिज्ञासाहरुको समग्रमा सम्बोधन संघका कोषाध्यक्ष सुदन कुमार थापाज्यू र चार्टर्ड एकाउन्टेन्ट्स जे. एन. उपाध्याय एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस् (J. N. Upadhyay & Company, Chartered Accountants) (संस्था दर्ता नं. ००४१) का प्रतिनिधि चार्टर्ड एकाउन्टेन्ट्स जगन्नाथ उपाध्याय निरौलाज्यूले गर्नु भएको थियो । उक्त विषय उपर छलफल गरी "**अनुसूची - २**" मा संलग्न आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन एवं २०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०८०/०८१ को आय-व्ययको विवरण, सम्पत्ति-दायित्वको विवरण, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको आर्थिक प्रतिवेदन पारित गर्ने निर्णय साधारण सभामा उपस्थित साधारण सभाका प्रतिनिधिहरुबाट भयो ।

(ग) **आर्थिक वर्ष २०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने बारेः** आर्थिक वर्ष २०८१/०८२ को संघको बाह्रय लेखापरीक्षणमा लेखापरीक्षण फर्म जे. एन. उपाध्याय एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस् (J. N. Upadhyay & Company, Chartered Accountants) (संस्था दर्ता नं. ००४१) लाई वार्षिक रु. २,४४,०००/- (अक्षेरुपी दूई लाख चवालीस हजार सय रुपैयाँ) (मूल्य अभिबृद्धि कर बाहेक) दिने गरी आर्थिक वर्ष २०८१/०८२ को लागि बाह्रय लेखापरीक्षक नियुक्त गर्नका साधारण सभा समक्ष प्रस्ताव पेश भएकोमा साधारण सभामा उपस्थित प्रतिनिधिहरुबाट आर्थिक वर्ष २०८१/०८२ को लागि लेखापरीक्षण फर्म जे. एन. उपाध्याय एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस् (J. N. Upadhyay & Company, Chartered Accountants) (संस्था दर्ता नं. ००४१) लाई वार्षिक रु. २,४४,०००/- (अक्षेरुपी दूई लाख चवालीस हजार सय रुपैयाँ) (मूल्य अभिबृद्धि कर बाहेक) दिने गरी संघको बाह्रय लेखापरीक्षकमा नियुक्त गर्ने निर्णय गरियो ।

(घ) **विभिन्न विभागहरुको प्रतिवेदन अनुमोदन गर्ने बारेः** संघका विभिन्न विभागहरुले पेश गरेका प्रतिवेदनहरु अनुमोदन गर्ने निर्णय साधारण सभामा उपस्थित प्रतिनिधिहरुबाट भयो ।

(ङ) **विभिन्न समितिहरुको प्रतिवेदन अनुमोदन गर्ने बारेः** संघका विभिन्न समितिहरुले पेश गरेका प्रतिवेदनहरु अनुमोदन गर्ने निर्णय साधारण सभामा उपस्थित प्रतिनिधिहरुबाट भयो ।

(च) **राष्ट्रिय समन्वय परिषद्का प्रतिवेदनहरुलाई अनुमोदन गर्ने बारेः** विभिन्न राष्ट्रिय समन्वय परिषद्का प्रतिवेदनहरु अनुमोदन गर्ने निर्णय साधारण सभामा उपस्थित प्रतिनिधिहरुबाट भयो ।

(छ) **गैरआवासीय नेपाली संघको विधान २००३ (२०२२ को संशोधन समेत) को दफा १४ को उपदफा १४.८ अनुसार समितिहरु बारेः** सन् २०२३ डिसेम्बर १७ (मिति २०८०/०९/०१) मा सम्पन्न अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय र पदाधिकारीको संयुक्त बैठकबाट गठन भएको विधान व्याख्या समिति र अनुशासन समितिको गठन अनुमोदन गर्ने निर्णय साधारण सभामा उपस्थित प्रतिनिधिहरुबाट भयो ।

Non-Resident Nepali Association
NRNA
Kathmandu, Nepal

(ज) **विविधः** अन्य विविध विषय अन्तर्गत छलफलको अन्य कुनै विषयमा नभएकोले यस सम्वन्धित कुनै छलफल तथा निर्णय भएन ।

१०. <u>काम कारवाहीको विवरण (माईन्यूट) को प्रमाणिकरणः</u>

साधारण सभाको काम कारवाहीको विवरण (माईन्युट) मा विधानको दफा १४.९ व्यवस्था अनुसार अध्यक्ष डा. बद्री के.सी.ज्यूले प्रमाणित गर्ने र बुझाउनु पर्ने निकायहरुमा वुझाउने निर्णय प्रतिनिधिहरुलाई जानकारी दिईयो ।

११. <u>साधारण सभा समेतको बिसर्जनः</u>

साधारण सभाका लागि निर्धारित कार्यसूचि समाप्त भईसके पश्चात् संघका अध्यक्ष डा. बद्री के.सी.ज्यूले गैरआवासीय नेपाली हीत र नेपालको सम्वृद्धिमा संघ सधै लागि रहने प्रतिवद्धता व्यक्त गर्दै संघको साधारण सभामा भौतिक र अनलाईन माध्यमबाट उपस्थित हुनु भएका सम्पूर्ण प्रतिनिधि महानुभावहरु, वर्तमान र निवर्तमान पदाधिकारीहरु, संरक्षक, पूर्व अध्यक्षहरु, सल्लाहकारहरु, अतिथि र कर्मचारीहरु सबैलाई धन्यवाद दिदै साधारण सभाको औपचारिक रुपमा समापन भएको घोषणा गर्नुभयो ।

प्रमाणित गर्ने,

Non-Resident Nepali Association NRNA Kathmandu, Nepal

.....................................................

डा. बद्री के.सी.
अध्यक्ष
अन्तर्राष्ट्रिय समन्वय परिषद् (सन् २०२३-२०२५ कार्यकाल)
मिति २०८१/०७/१२ (सन् २०२४ अक्टोबर २८)
तहाचाल, काठमाण्डौ स्थित होटल “द सोल्टी काठमाण्डौ”